# NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
## एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

(“नेपाल राष्ट्र बैंकबाट ‘घ’वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको”)
भेरी ४, जाजरकोट, संपर्क नम्बर : ०११६६००३४, Email: info@nicasialaghubitta.com

**UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)**

**As at the end of First Quarter (30/06/2077) of the Financial Year 2077/78 (2020/2021)**

*Rs In '000*

| S.N. | Particulars | This Quarter Ended 16.10.2020 | Previous Quarter Ended 15.07.2020 | Corresponding Previous Year Quarter Ended 17.10.2019 |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **13,366,471** | **8,736,307** | **5,017,759** |
| 1.1 | Paid Up Capital | 1,480,000 | 1,480,000 | 1,004,500 |
| 1.2 | Reserves and Surplus | 375,304 | 310,367 | 162,972 |
| 1.3 | Debentures and Bonds | - | - | - |
| 1.4 | Borrowings | 10,223,024 | 5,841,578 | 3,092,750 |
| 1.5 | Deposits | 979,110 | 955,588 | 631,230 |
| 1.6 | Income Tax Liability | 29,607 | 12,274 | - |
| 1.7 | Other Liabilities | 279,425 | 136,500 | 126,307 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **13,366,471** | **8,736,307** | **5,017,759** |
| 2.1 | Cash and Bank Balance | 2,880,319 | 1,431,596 | 292,685 |
| 2.2 | Money at Call and Short Notice | 2,431,402 | 47,468 | 103,945 |
| 2.3 | Investments | 150,000 | 150,000 | 142,306 |
| 2.4 | Loans and Advances | 7,697,619 | 7,036,612 | 4,401,172 |
| 2.5 | Fixed Assets | 45,412 | 43,283 | 28,747 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 161,720 | 27,347 | 48,906 |
| **S.N.** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 310,783 | 974,987 | 215,842 |
| 3.2 | Interest Expense | 137,872 | 497,230 | 103,499 |
| | **A. Net Interest Income(3.1-3.2)** | 172,911 | 477,756 | 112,343 |
| 3.3 | Fees, Commission and Discount | 20,455 | 90,420 | 6,269 |
| 3.4 | Other Operating Income | - | - | - |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income (A+ 3.3+3.4+3.5)** | 193,366 | 568,176 | 118,612 |
| 3.6 | Staff Expenses | 35,761 | 102,173 | 17,675 |
| 3.7 | Other Operating Expenses | 27,585 | 101,833 | 11,494 |
| | **C. Operating Profit Before Provision (B. - 3.6-3.7)** | 130,020 | 364,170 | 89,442 |
| 3.8 | Provision for Possible Loss | 26,740 | 59,212 | 1,516 |
| | **D. Operating Profit (C. - 3.8)** | 103,280 | 304,959 | 87,926 |
| 3.9 | Non Operating Income/Expenses (Net) | 205 | 13,359 | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | 7,694 | - |
| | **E. Profit from Regular Activities (D.+3.9+3.10)** | 103,075 | 326,012 | 87,926 |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E.+3.11)** | 103,075 | 326,012 | 87,926 |
| 3.12 | Provision for Staff Bonus | 10,307 | 32,565 | 8,793 |
| 3.13 | Provision for Tax | 27,830 | 87,805 | 23,740 |
| | **G. Net Profit/Loss (F. -3.12-3.13)** | 64,937 | 205,642 | 55,393 |
| **4** | **Ratios** | **At the end of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Adequacy | 20.60% | 23.91% | 24.50% |
| 4.2 | Non Performing Loans (NPL) To Total Loans | 0.97% | 0.99% | - |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 145.93% | 118.19% | - |
| 4.4 | Cost of Funds (Deposit + Borrowings) | 6.08% | 9.70% | 10.21% |
| 4.5 | CD Ratio | 786.18% | 736.36% | 697.24% |

* These figures may vary with the audited figures at the instance of external auditors and regulators.
* Figures have been regrouped/ rearranged wherever necessary

| ब्याजदर | |
|---|---|
| निक्षेप : वार्षिक ५% देखि ६% सम्म | कर्जामा वार्षिक १५% |

## आ.व. २०७७/०७८ को पहिलो त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण :**

यस वित्तीय संस्थाको त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु**

| प्रति शेयर आम्दानी (वार्षिक) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १७.५५ | ४३.२५ | १२५.३५ | ९०८.९१ | ०.५० |

**२) व्यवस्थापकीय विश्लेषण**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः**
त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा वित्तीय संस्थाले अनुमान गरे अनुसार कै अवस्था रहेको छ। कोभिड १९को असरको कारणले गर्दा संस्थाको व्यवसाय बृद्धिमा प्रत्यक्ष असर परेता पनि संस्थाको कर्जा र बचतमा सन्तोषजनक बृद्धि हुनुको साथै आम्दानीपनि सन्तोषजनकनै रहेको छ।

**ख) व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** यस वित्तीय संस्थाले देशका ३६ जिल्लामा १२० शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ । संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानियतहहरुलाई प्राथमिकतामा राखिएको छ। यस त्रैमासको अन्त सम्ममा यस वित्तीय संस्थाले कुल ४५,१२३ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ।
त्यसैगरि ग्राहक सदस्यहरुको उद्यमशिलता विकास गर्न व्यवसायीक साक्षरता तथासिप विकास तालिम प्रदान गर्ने कार्य प्राथमिकताका साथ निरन्तर भैरहेकोमा हाल आएर विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीको कारणले निरन्तरता दिन कठिनाई भएको छ। कर्मचारीको क्षमता अभिबृद्धि गरी कार्यकुशलतामा अभिवृद्धि गर्न, उत्पादकत्व बृद्धि गर्न, तथा महामारी पश्चात कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कर्मचारीको मनोबल उच्च बनाई राख्न तथा सम्पुर्ण कर्मचारीहरुलाई अभिप्रेरित गरि कर्जा तथा कार्यक्रमको गुणस्तर कायम गर्न जोड दिईनेछ।

**ग) विगतको अनुभवबाट संगठित संसथाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण :** विश्वव्यापी रुपमा फैलिएको कोभिड १९को महामारी तथा संक्रमण नियन्त्रणका लागि लागु भएको बन्दाबन्दी र कर्फयुले सम्पूर्ण वित्तीय क्षेत्रको कारोबार सुचारु रुपमा संचालन गर्न कठिनाई भईरहेको अवस्थामा, संस्थालाई पनि अपेक्षित रुपमा लक्ष्य, नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिन्छ। लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपनले ग्राहकको क्षमता भन्दा बढि कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले संस्थालाई असर पर्ने देखिन्छ। तथापी समयमै बन्दाबन्दी को अन्त भई जन जीवन सामान्य भएमा संभावित जोखिम न्यून गर्न सकिने कुरामा व्यवस्थापन दृढ छ । कर्जाको दाहोरोपनलाई निरुत्साहित गरि कर्जाको गुणस्तरमा अभिवृद्धि गर्न सम्पुर्ण सरोकारवाला पक्षसँग सहकार्य गरी कर्जाको गुणस्तर कायम राख्नेमा व्यवस्थापन विश्वस्त छ।

**<u>३) कानूनी कारवाही सम्वन्धी विवरण</u>**
**क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**
यस अवधिमा बैंकको व्यवसायमा तात्विक असर पर्ने गरी बैकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर नभएको।

**ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**
यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

**ग) कुनै संस्थापक वा संचालक विरुद्व आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**
यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

**<u>४) संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण</u>**
**क) धितोपत्र बजारमा भएको वित्तीय संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**
दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ।

**ख) यस अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :**

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार संख्या | कारोबार दिन |
|---|---|---|---|---|
| ८३० | ५८५ | ७५९ | १,००२,१६४ | २० |

**<u>५) समस्या र चुनौती</u>**
**प्रमुख चुनौतीहरु तल उल्लेख गरिए अनुसार रहेको छ।**
**<u>आन्तरिक</u>**
क) दक्ष जनशक्तिको अभाव।
ख) बढ्दो सञ्चालन लागत तथा घट्दो खुद ब्याजदर अन्तर।

**<u>वाह्य</u>**
क) विश्वव्यापी महामारी कोभिड १९ ले पारेको असर।
ख) एउटै क्षेत्रमा धेरै लघुवित्त वित्तीय संस्थाहरुको उपस्थिती।
ग) ग्राहकहरुको उत्पादनको लागि उचित बजारको अभाव।

**<u>रणनीति</u>**
क) नविनतम् प्रविधिको प्रयोग गरी विधुतिय सेवालाई जोड दिने।
ख) नयाँ क्षेत्रहरुमा लगानी एवं अवसरहरुको निरन्तर खोजी गर्दै जाने।
ग) कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि Virtual तालिम संचालन गर्ने।
घ) प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने।
ङ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने।
च) उत्पादनमूलक र कृषि क्षेत्रमा आधारित कर्जालाई प्राथमिकता दिने ।
छ) खर्चमा मितव्ययीता अपनाउने।
ज) वित्तिय सेवा पहुंच नपुगेको क्षेत्रको पहिचान गरि सेवा प्रदान गर्ने।

**<u>६) संस्थागत सुशासन</u>**
संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्वारा जारी संस्थागत सुशासन सम्बन्धी व्यवस्था अनुरुप बैंकका संचालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासन कायम राख्न नियामक निकायहरुका व्यवस्थाहरुको पूर्णरुपमा पालना एवं कार्यान्वयनको लागि संस्था सदैव सजग र सचेत रहेको छ।

**७) सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा मैले जाने बुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।